का.जि.प्र.का.द.नं. १७०/०५९/६०

❒ वर्ष १८, अंक ८
❒ २३ माघ २०७६, बिहीबार
❒ 6 February 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily
राष्ट्रिय दैनिक

ललितानिवास प्रकरण

# जोगिए पूर्वप्रधानमन्त्रीहरू

## तीन पूर्वमन्त्रीसहित १७५ विरूद्ध मुद्दा

**अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्व प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई मुद्दा दायर गरेन । मन्त्री स्तरीय निर्णय छुन नमिल्ने भएकाले मुद्दा दायर नगरिएको अख्तियारले जनाएको छ । तर, नेकपाका महासचिव बिष्णुप्रसाद पौडेलले भने जग्गा फिर्ता गर्ने भएपछि मुद्दा दायर भएन ।**



**मुख्य दलाल' विरूद्ध बिगो माग**

**सांसदबाट गच्छदार निलम्बित**

**मन्त्रीहरू दोषी, प्रधानमन्त्रीहरू निर्दोश ?**

**जोगिए विष्णु पौडेल, जग्गा फिर्ता गर्ने**







**विरेन्द्र साह/मध्यान्ह**
काठमाडौं, २२ माघ

बालुवाटार काण्ड भनेर चर्चित ललिता निवासको जग्गा प्रकरणमा तीन जना पूर्वमन्त्रीसहित १ सय ७५ जना विरुद्ध मुदा दायर भएको छ । बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तीन पूर्वमन्त्री र तीन पूर्व सचिवसहित विरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गराएको हो । अख्तियारले तत्कालीन उपप्रधान एवं भौतिक योजना तथा निर्माणमन्त्री विजयकुमार गच्छदार, तत्कालिन भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ र चन्द्रदेव जोशीविरुद्ध ललिता निवासको जग्गा व्यक्तिको नाममा दर्ता गर्ने काममा संलग्नरहेको अभियोगमा मुद्दा दर्ता गराएको हो ।

यसैगरी, अख्तियारले बालुवाटारको सरकारी जग्गा हिनामिना प्रकरणमा पूर्वसचिवहरु दीप बस्न्यात, छवीराज पन्त, दिनेशहरि अधिकारीमाथि पनि मुद्दा दायर गरेको छ । तीन सचिवमध्ये बस्न्यात अख्तियारको प्रमुख आयुक्त र पन्त पूर्वमन्त्री भइसकेका समेत हुन् । मन्त्रीहरुमध्ये गच्छदार र श्रेष्ठलाई जनही ९ करोड ६५ लाख ७६ हजार बिगो दावी गरिएको छ भने अर्का तत्कालीन मन्त्री जोशीविरुद्ध ७ करोड ८ लाख ४८ हजार बिगो दावी गरिएको छ । तत्कालीन सचिवहरुमध्ये बस्न्यात र पन्तका विरुद्ध ९ करोड ६५ लाख ७६ हजार र दिनेशहरि अधिकारी ७ करोड ८ लाख ४८ हजार बिगो कायम गरिएको छ ।

सोही प्रकरणमा जोडीएका जग्गा व्यवसायी शोभाकान्त ढकालविरुद्ध ३९ करोड २७ लाख ६८ हजार र भाटभटेनी सुपर मार्केटका मालिक मीनबहादुर गुरुङविरुद्ध ११ करोड २० लाख बिगो कायम गरिएको छ ।

१७५ जना प्रतिवादीमध्ये ६५ जनालाई जफत प्रयोजनका लागि र अन्य ११० जनाको हकमा सजयको माग दावी समेत मुद्दा दायर गरिएको हो । सरकारले २०७५ फागुन २८ गते ललिता निवासको जग्गा हिनामिनाको अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)लाई जिम्मा दिएको थियो । सीआईबीले उच्च पदस्थ सरकारी अधिकारी तथा मालपोत, नापी र गुठी संस्थानका कर्मचारीले जग्गा दलाल (भूमाफिया) सँग मिलेर बालुवाटार जग्गा व्यक्तिको नाम गराएको निष्कर्षसहितको प्रतिवेदन पेस गर्दै अनियमिततामा संलग्नहरुमाथि भ्रष्टाचार, ठगी र किर्तेको अभियोगमा कारबाहीको सिफारिस सहितको प्रतिवेदन बुधबार गृहमन्त्रालयमा बुझाएको थियो । सोही प्रतिवेदनका आधारमा तत्कालीन मन्त्री र सचिवहरुसहित १७५ जनाविरुद्ध मुद्दा दर्ता गरेको हो ।

**विष्णु पौडेल जोगिए**

बालुवाटार जग्गा प्रकरणमा जोडिएका सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव विष्णुप्रसाद पौडेल जोगिएका छन् । पौडेल पूर्व अर्थमन्त्रीसमेत हुन् । पूर्वसचिव शारदाप्रसाद त्रिताल संयोजकत्वको टोलीले अनुसन्धान अघि बढाएदेखि नै उनको नाम बालुवाटार काण्डमा मुछिएको थियो । तर बुधबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दामा पौडेलका छोरा अर्थात् जग्गाधनी नवीन पौडेलको नाम परेन । पौडेलले आफूले नवलपरासीको जग्गा बेचेर त्यहाँ किनेको दाबी गर्दै आएका थिए । पौडेलले छोरा नवीनको नाममा जग्गा पास गराएका थिए ।

अख्तियारले पौडेल विषयमा दिएको प्रष्टीकरणमा भनिएको छ, 'ललिता निवास क्याम्पभित्र पर्ने सरकारी जग्गा आफ्नो नाममा कायम रहेका हालका जग्गाधनीहरुमध्येका कुमार रेग्मी र नवीन पौडेलउपर समेत जग्गा जफतको मागदाबी गर्नुपर्नेमा निजहरुले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान तथा आयोग समक्ष पेश गरेको निवेदनमा काठमाडौं बालुवाटारस्थित ललिता निवास क्याम्पभित्र आफ्नो नाममा कायम रहेका जग्गाहरु नेपाल सरकारलाई छाडिदिन मञ्जुर गरेकाले जग्गा जफतको मागदावी लिनका लागि प्रतिवादी बनाउन आवश्यक नदेखिँदा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५५ बमोजिम हाल निज कुमार रेग्मी र नवी पौडेलको हकमा जग्गा जफतको मागदावी नलिने ।'

**मन्त्रीहरु दोषी, प्रधानमन्त्रीहरु निर्दोश ?**

ललिता निवासको १ सय १४ रोपनीभन्दा बढी सरकारी जग्गा व्यक्तिका नाममा गरेको प्रकरणमा दुई पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल र बाबुराम भट्टराई पनि जोडिएका छन् । उक्त जग्गा बारेको विवादास्पद निर्णय यिनीहरु नै प्रधानमन्त्री हुँदा भएको थियो । पञ्चायतकालमा अधिग्रहण भएको जग्गा रुक्म शमशेर राणा हुँदै भूमाफियाका कब्जामा पुऱ्याउन २०४९, २०६६, २०६७ र २०६९ को मन्त्रिपरिषद्को निर्णयले सघाएको बाँकी पृष्ठ २ मा

चीनको प्रशंसा

# अमेरिकाको आलोचना

**मध्यान्ह संवाददाता**
चितवन, २२ माघ



सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले शक्तिराष्ट्र अमेरिकाको आलोचना गरेका छन् भने छिमेकी चीनको प्रसंसा गरेका छन् । प्रचण्डले चीनबाट फैलिएको कोरना भाइरसका विषयलाई लिएर अमेरिकाको आलोचना गरेका हुन् । चीनलाई नरुचाउने, मन नपराउनेहरुले कोरोनाभाइरसलाई लिएर त्रसित बनाउन खोजेको प्रचण्डको तर्क थियो । चीनको विदेश मन्त्रालयले जारी गरेको वक्तव्य आफूले भनेको कुरासँग मिलेको उनले दाबी गरे ।

वक्तव्यलाई उदृत गर्दै प्रचण्डले भने 'यहाँ देखा परेको कोरोनाको सन्दर्भमा पश्चिमा शक्तिबाट अनावश्यक प्रचार गरेर वातावरण झन् दुषित बनाउने असाध्यै नराम्रो र अनैतिक काम भयो भनेर बक्तव्य नै जारी गरेको तपाइहरुले हेरिसक्नुभयो होला ।'

अमेरिकामा महामारी हुँदा चीनले वातावरण नै विगार्ने गरी प्रचार नगरेको उनले बताए । प्रचण्डले भने, '२००८ मा हो सायद, एउटा रोग अमेरिकाको शहरमा देखा पर्यो, त्यो रोग बाँकी पृष्ठ २ मा

# ज्यानमारा 'प्रेम'

**केशर धामी/मध्यान्ह**
काठमाडौं, २२ माघ

-भारतको बिहार घर भएकी बनिता चौधरीको हत्या गरिएको अवस्थामा शव फेला पर्‍यो । ३१ असार २०७५ मा उनको शव जगरनाथपुर गाउँपालिका ४ सुहपुर स्थित गंगोली भन्ने भलुवाही खोला छेउमा फेला परेको थियो । उनी पर्साको पर्साको जगरनाथपुर-४ का १९ वर्षीय प्रमेन्द्र चौधरीको प्रेममा थिइन् । दुवै जना तीन वर्षदेखि प्रेम सम्बन्धमा थिए । प्रमेन्द्रलाई भेट्न पुगेकी बनिता र प्रमेन्द्रबीच पहिलो पटक यौन सम्पर्क भयो । प्रमेन्द्रले फेरि दोश्रो पटक यौन सम्बन्ध राख्न भने । तर, बनिताले मानेनन् । त्यसपछि प्रमेन्द्रले उनको घाटीमा सल बेरेर हत्या गरिदिए ।

- ४२ वर्षीया सुन्तलीमाया लामाको सशस्त्र प्रहरी बलका दुई जवानसँग प्रेममा थिइन् । उनी शसस्त्र प्रहरी जवान हिराबहादुर बराम र पूर्णबहादुर बरामको प्रेममा थिइन् । दुवै जनाले सुन्तलीमायासँग अवैध सम्बन्ध राख्दै आएका थिए । त्यही क्रममा उनले दुवै जनामध्ये एक जनाले विवाह गर्नुपर्ने अडान रहिन् । जसरी पनि विवाह गर्नुपर्ने अडानमा रहेपछि दुवै जना मिलेर हत्या गर्ने योजना बनाए । त्यसका लागि उनीहरूले बुढानिलकण्डको जंगलमा बोलाए । बाँकी पृष्ठ २ मा

**हार्दिक निमन्त्रणा**

**आदरणीय व्यवसायीज्यूहरु !**

यस **नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**को निर्वाचन सहितको १० औं साधारणसभा नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री माननीय शेरबहादुर देउवाज्यूको प्रमुख आतिथ्यतामा निम्न मिति, स्थान र समयमा आयोजना हुन गइरहेको सहर्ष जानकारी गराउँदै उक्त ऐतिहासिक साधारणसभालाई सफलता पूर्वक सम्पन्न गराउन यहाँहरुको सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**
प्रमुख अतिथि : माननीय शेरबहादुर देउवा : नेपाली कांग्रेसका सभापति एवम् पूर्व प्रधानमन्त्री
विशिष्ट अतिथि : माननीय बालकृष्ण खाँड : केन्द्रिय सदस्य ,पूर्व मन्त्री एवम् प्रमुख सचेतक संघीय संसदीय दल नेपाली काँग्रेस ।
अतिथि : माननीय सुरेन्द्रराज पाण्डे : विपक्षी दलका नेता राष्ट्रिय सभा एवम् केन्द्रिय सदस्य नेपाली काँग्रेस ।
अतिथि : माननीय गगन थापा : पूर्व मन्त्री एवम् केन्द्रिय सदस्य नेपाली काँग्रेस ।
अतिथि : श्री रमेश लेखक : पूर्व मन्त्री एवम् केन्द्रिय सदस्य नेपाली काँग्रेस ।
अतिथि : श्री गुरुराज घिमिरे : केन्द्रिय सदस्य नेपाली काँग्रेस ।
अतिथि : माननीय प्रकाश स्नेही नेपाली काँग्रेस ।

स्थान : अनुपम फुडल्याण्ड, गौशाला, काठमाडौं
मिति : २०७६ साल माघ २४ गते शुक्रबार
समय : बिहान ९:०० बजे

तारानाथ अर्याल
महासचिव
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरम**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१,४४६६४२८

# पार्टी प्रतिनिधिसामू आकांक्षीका आ-आफ्नै दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी फोरमको दशौं साधारणसभाका लागि पार्टी प्रतिनिधिका रुपमा खटिएका नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्व श्रम मन्त्री रमेश लेखकले नेतृत्वका आकांक्षीहरुबीच सहमतिको प्रयास शुरु गरेका छन् । नेपाली कांग्रेसको सुभेच्छुक संस्थाको हैसियतमा रहेको फोरमको दशौं साधारणसभा र नयाँ नेतृत्वको निर्वाचन यही शुक्रबार हुँदै छ ।

पार्टी प्रतिनिधिका रुपमा खटिएका पूर्व मन्त्री लेखकले बुधबार फोरमको आगामी नेतृत्वका लागि विभिन्न पदमा आकांक्षा देखाएका व्यवसायीहरुका धारणा सामूहिक रुपमा सुनेका छन् । आकांक्षीहरुका धारणा सामूहिक रुपमा सुनेपछि उनले फोरमका कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठ सहित पूर्व अध्यक्षहरु तथा निर्वाचन समितिका संयोजकसँग नेतृत्व छनोटका बारेमा छलफल गरे । सकेसम्म सहमतिमै नेतृत्व छनोट गर्नुपर्नेमा पूर्व मन्त्री लेखकले जोड दिएको बताइएको छ ।

बिहीबार उनले विभिन्न पदका आकाक्षीहरुसँग उनीहरुको क्रियाशिलता, विगतको पृष्ठभूमि तथा भावी कार्ययोजना लगायतका विषयमा व्यक्तिगत रुपमा छलफल चलाउने भएका छन् ।

फोरमका ७ पदाधिकारी र दश कार्यसमिति सदस्य सहित

**वैदेशिक रोजगार विशेष**


१७ जनाको प्रत्यक्ष निर्वाचन हुने गरेको छ । त्यसका लागि १८ जना व्यवसायी पदाधिकारीहरुका लागि मात्र आकांक्षी देखिएका छन् । उनीहरु समकक्षी भन्दा आफुलाई अब्बल र योग्य सावित गर्दै पद प्राप्तिको दौडमा देखिएका छन् ।


फोरमको विधान अनुसार हाल अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष सहित ७ पदाधिकारी र १४ जना कार्यकारी सदस्यहरु सहित २१ सदस्यीय कार्यसमिति रहने व्यवस्था छ । फोरम कार्यसमितिको मंगलबारको अन्तिम बैठकले फोरमको विधान संशोधन गरी कार्यसमितिमा प्रथम उपाध्यक्ष र सहसचिव गरी दुई पद थप गर्ने निर्णय समेत गरेको छ । ती पदमा विधान संशोधन भएपछि मात्र निर्वाचन गरिने बताइएको छ । विधान संशोधनपछि फोरम कार्यसमितिको पदाधिकारीको रोलक्रममा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, दुई उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सहसचिव र सहकोषाध्यक्ष रहने छन् ।

अध्यक्षका लागि फोरमका पूर्व वरिष्ठ उपाध्यक्ष नरेन्द्र ढकाल, नेपाल वैदेशिक रोजगार संघका निवर्तमान द्वितीय उपाध्यक्ष भुवनसिं गुरुङ, फोरमका पूर्व वरिष्ठ उपध्यक्ष ऋषि शर्मा र फोरम सल्लाहकार सीता देवाकोटा सहित चार व्यवसायी सक्रिय रहेका छन् ।

वरिष्ठ उपाध्यक्षमा वर्तमान महासचिव तारानाथ अर्याल, जनजाति पृष्ठभुमिका रमेश राई र पूर्व महासचिव थीरमणी पौडेल प्रतिश्पर्धामा उत्रिएका छन् । अर्यालले दुई कार्यकाल महासचिवको जिम्मेवारी पूरा गरेका छन् । राई गत निर्वाचनमा मत बराबरी भएपछि गोला प्रथाको छनोटमा सुजित श्रेष्ठसँग पराजित भएका थिए । उनले संघको निर्वाचनमा प्रथम उपाध्यक्षमा कमल तामाङलाई बाँकी पृष्ठ २ मा







अन्तर्वार्ता पृष्ठ ८ मा

**तु- आवश्यकता**

यस प्रतिष्ठित मेनपावर कम्पनीको लागि निम्न लिखित कर्मचारीहरु आवश्यक भएकाे हुँदा इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

| सि.नं. | आवश्यक पद | संख्या |
|---|---|---|
| 1. | Manager | 1 Female |
| 2. | PRO | 1 Female |
| 3. | Receptionist | 1 Female |
| 4. | Office Assistant | 1 Female |

नोट: +2 पास भई सम्बन्धित क्षेत्रमा २ बर्षको अनुभव भएकाहरुलाई विशेष प्राथमिकता दिईनेछ । तलब आपसी सहमतिमा

**Hilton Human Resources Pvt. Ltd.**
Dhumbarahi-4, Kathmandu, Tel: 4436596
Mob.: 9808191555, 9885123630

**मलेसियामा रोजगार** | कम्पनी : **GLOBAL ONE SECURITY SERVICES SDN BHD** देश : **MALAYSIA**

पूर्व स्वीकृत मिति: २०७६/१०/२२ चलानी नं.: ६०५५९२१६ LT. No.: 232593

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | शैक्षिक योग्यता | मासिक तलब (RM) | मासिक तलब (ने.रु.) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | | 1200 | 33,205 | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन १ गते (13 Feb. 2020) मा हुनेछ ।**

**Surkhet Overseas Pvt. Ltd.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com

# मुस्ताङमा छैन कोरोनाको चिन्ता

**मुस्ताङ/रासस-** छिमेकी मुलुक चीनको तिब्बतसँग जोडिएको हिमालपारिको जिल्ला मुस्ताङमा कोरोना भाइरसको कुनै प्रभाव परेको छैन । चीनसँग नाका जोडिएका अन्य जिल्लामा उच्च सतर्कता अपनाइएको भए पनि मुस्ताङ जिल्लाभर कुनै प्रभाव नदेखिएको प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले जानकारी दिए ।

उनका अनुसार बाक्लो हिमपातका कारण उत्तरी मुस्ताङमा दुई सातादेखि आवतजावतसमेत ठप्प छ । उत्तरी मुस्ताङ र तिब्बत जोड्ने कालीगण्डकी करिडोरमा बाक्लो हिमपातका कारण सडक यातयात पूरै ठप्प भएको हो । कोरल्ला नाकासमेत पूर्णरूपमा बन्द भएका कारण छिमेकी देश चीनमा फैलिएको कोरोना भाइरसको प्रभावसमेत परेको छैन । उत्तरी मुस्ताङलाई जोड्ने कालीगण्डकी करिडोरमा बाक्लो हिउँ जमेको छ । लोघेकर दामोदरकुण्ड गाउँपालिकाको केन्द्र चराङ्गसम्मको हिउँ सफा गरिएको प्रजिअ अर्यालले बताए ।

लोमान्थाङ गाउँपालिकामा भने हिउँ पन्छाउने काम हुनसकेको छैन । कालीगण्डकी नदीमा समेत बाक्लो हिउँ जमेपछि खोलैखोला सञ्चालन हुने यातयातसमेत बन्द छ । 'कालीगण्डकी करिडोरमा जमेको हिउँ हटाउने सम्भावना तत्काललाई छैन,' प्रजिअ अर्यालले भने, 'कालीगण्डकी नदीमा खोलैखोला हिउँ सफा गरेर सडक यातयात सञ्चालन गर्ने प्रयास भइरहेको छ ।'

लोघेकर दामोदरकुण्ड गाउँपालिकाले चराङ्गसम्मको हिउँ सफा गरिसकेको र चराङ्गदेखि माथिल्लो क्षेत्रको हिउँ लोमान्थाङ गाउँपालिकाले सफा गर्ने सहमति भएको छ । गाउँपालिकाले एक/दुई दिनभित्र हिउँ सफा गरेर सडक सञ्चालन गर्ने तयारीमा रहेको प्रजिअ अर्यालले बताए ।



जाडो शुरु भएपछि मुस्ताङी बैँसी झर्ने गर्दछन् । सिङ्गो लोमान्थाङ गाउँपालिकाभर १०० भन्दा बढी मानिस जाडोयाममा बसेका छैनन् । भेडा, च्याङ्ग्रा र घर कुर्नका लागि केही मानिस बसे पनि सबै बैँसीमा झरेका छन् । कोरल्ला नाकासमेत बन्द भएका कारण कोरोना भाइरसको समेत प्रभाव परेको छैन । 'मानिस प्रायः घर बाहिर ननस्किने र सीमामा दोहोरो आवतजावतसमेत नरहेका कारण कोरोनाको प्रभाव छैन,' प्रजिअ अर्यालले भने ।

यसैबीच प्रसिद्ध धार्मिक पर्यटकीय गन्तव्य मुस्ताङको मुक्तिक्षेत्रमा शनिबार सुरक्षाकर्मीलगायतले सरसफाइ तथा हिउँ पन्छाउने काम गरेका छन् । जिल्ला प्रशासन कार्यालय मुस्ताङको समन्वयमा सैनिक उच्चशिखर शिक्षालयका सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्याप पर्यटक चेकपोष्ट र स्थानीयवासीलगायतबाट मुक्तिनाथको पहिलोद्वारदेखि मन्दिर परिसरको बाटोमा थुप्रिएको हिउँ पन्छाइएको हो । लगातार तीनपटक परेको हिमपातले मुक्तिनाथ रानीपौवा बजारदेखि मुक्तिनाथद्वारसम्मको करीव दुई किलोमिटर पैदल बाटोमा दुई फिट हिउँ जमेपछि तीर्थालुलाई मन्दिर पुग्न कठिनाइ परेको थियो ।

रानीपौवा बजारदेखि मुक्तिनाथसम्मको दूरीमा बाक्लो हिउँ जमेकाले मुक्तिनाथ दर्शन गर्ने तीर्थालुलाई असहज हुँदै आएको थियो । बजारबाट मन्दिर जाने जीर्ण उकालो बाटो त्यसमाथि हिउँको चापले स्वदेशी तीर्थालुभन्दा भारतीय तीर्थालुलाई बढी समस्या पर्दै आइरहेको थियो । बाँक्लो हिउँमा पैदलयात्रा गर्दा तीर्थालुलाई लडेर चोटपटक लाग्ने गर्थ्यो । हिउँले भरिएको पैदलमार्गमा स्थानीयवासीले तीर्थालुलाई बोकर वा स्ट्रेचरमा राखेर लाने र ल्याउने गरेका थिए । सुरक्षाकर्मीले बाटोको हिउँ पन्छाएपछि तीर्थालुलाई अब आउजाउमा केही सजिलो भएको प्रहरी नायब उपरीक्षक तुलबहादुर कार्कीले बताए ।

# स्वर्गद्वारी चाल्नेटार विमानस्थलको डिपिआर शुरु

**प्यूठान/मस-** लामो समयदेखी चर्चामा रहेको स्वर्गद्वारी चाल्नेटार विमानस्थल निर्माणको काम सुरु हुने भन्ने खवरले प्यूठानी वासिमा खसियालि छाएको छ । विभिन्न चरणमा चर्चामा आउदै र सेलाउदै गरेको विमानस्थल निर्माणको लागि अहिले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) निर्माण गर्न लागिएको छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्र्तगत परामर्शदाता रियल प्याथ ईन्जिनियरिङ कन्सल्ट्यान्ट ललितपुरको टोलीले बेलहरामा विमास्थल निर्माणको लागि विस्तृत सर्वेक्षण प्रतिवेदनको काम थालिनी गरेको हो ।



बेला बेलामा चर्चामा आउने र बिस्तारै सेलाउँदै जाने गरेको चाल्नेटार विमानस्थल अहिले ड्रोन सर्भे मार्फत फिल्ड सर्भेको काम भएपछि विमानस्थलको काम अघि बढ्ने आसा पलाएको जिल्लावासीको भनाइ छ ।

यसअघि प्याक्ट कन्सल्ट्यान्ट प्रा.लि.ले प्रस्ताबित विमानस्थलको वातावरणीय प्रभाव मूल्याङ्कन गरेको थियो ।फिल्ड सर्भेको काम सकेको चार महिनाभित्र डिपिआरले अन्तिम रुपमा पाउने कन्सलट्यान्टका इन्जिनियर उत्सव गौतमले बताए । 'ड्रोनबाट सर्भेको काम सकेका छौं,' उनले भने, 'अब छिट्टै बांकि काम गर्ने छौ ।'

मुख्यगरी स्वर्गद्वारी आउने पर्यटकलाई लक्षित गरी विमानस्थलको निर्माणको काम अघि बढेको हो । यससँगै प्युठान र रोल्पाका जनतालाई हवाई यातायातको पहुँच पुग्ने स्वर्गद्वारी नगरपालिकाका प्रमुख नेत्रबहादुर रोकायले बताए । 'चाल्नेटार विमानस्थलले स्वर्गद्वारीको पर्यटन प्रवर्द्धनमा ठूलो मद्दत गर्नेछ,' उनले भने, 'डीपीआर तयार भएपछि विमानस्थल निर्माणका लागि पहल गर्नेछौं ।' विशेष गरि स्वर्गद्वारी आउने पर्यटक र रोल्पा जिल्लालाई लक्षित गरि विमानस्थलको निर्माणको काम अघि बढने छ । यससँगै प्यूठान र रोल्पाका जनतालाई हवाई यातायातको पहुँच पुग्ने जिल्लावासिहरुको विश्वास छ ।

आयोजनाको प्रस्तावित लागत ७७ करोड रुपैया रहेको छ ।आयोजनाले जिल्लालाई काठमाडौं, भैरहवा, धनगढी, नेपालगञ्ज, पोखरा, भरतपुर, विराटनगरका साथै अन्य पहाडी जिल्लाहरुमा हवाई सम्पर्कको सुविधा उपलब्ध हुनेछ ।विमानस्थलका लागि ६० दशमलव ७९ हेक्टर क्षेत्रफल आवश्यक पर्ने छ । आयोजना निर्माणले चाल्नेटारका १२ घरधुरी प्रत्यक्ष रुपमा विस्थापित हुनेछन् । आयोजना निर्माण गर्दा ५५ दशमलव १८ हेक्टर राष्ट्रिय वन अर्न्तगतको हरियाली सामुदायिक वनको अधिग्रहण हुने भएको छ । विमानस्थल निर्माण समपन्न भए स्वर्गद्वारीमा स्वदेशी तथा विदेशी पर्यटकहरु सहज रुपमा आउन सक्ने छन।यसले जिल्लाकै मुहार फेर्नुका साथै स्वर्गद्वारी मन्दिरको दर्शन गर्न आउने पर्यटकको संख्यामा बृद्धि हुने छ ।

# 'मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम' कार्यान्वयन

**धनगढी/मस-** सुदूरपश्चिम प्रदेश सरकारले चालु वर्षमा 'मुख्यमन्त्री ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम' कार्यान्वयन गर्न लागेको छ । चालु वर्षमा नमूनाका रुपमा यो कार्यक्रम जिल्ला स्वास्थ्य कार्यालयमार्फत कार्यान्वयन गर्न लागिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सबै जिल्लाका स्वास्थ्य कार्यालयलाई परिपत्र गरेर कार्यक्रम सञ्चालनको प्रक्रियामा गएको मन्त्रालयको अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखाका प्रमुख डा चेतराज जोशीले बताए । स्वास्थ्य संस्थासम्म पुगेर आफ्नो स्वास्थ्योपचार गर्न नसक्ने ज्येष्ठ नगारिक र अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी यो कार्यक्रम कार्यान्वयन हुन लागेको हो ।




'ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई उनीहरुकै घरदैलोमा पुगेर आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गर्न लागिएको छ,' डा जोशीले भने, 'टाउको दुख्ने, रक्तचापजस्ता समस्याबाट पीडितको उपचार गर्ने व्यवस्था गर्न लागिएको छ ।' यसका लागि सबै जिल्लामा आवश्यक पर्ने स्वास्थ्यकर्मीको भर्ना प्रक्रियासमेत शुरु भइसकेको बताइएको छ ।

यस वर्ष नमूनाका रुपमा सञ्चालन हुन लागेको यो कार्यक्रमको प्रभाव सकारात्मक देखिएमा अर्को वर्ष बृहत् रुपमा गर्ने योजना सामाजिक विकास मन्त्रालयको छ । यसका लागि चालु वर्षमा रु ३० लाख बजेट विनियोजन गरिएको छ । ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको जनसंख्याका आधारमा छनोट भएका २९ वटा स्थानीय तहमा यो कार्यक्रम सञ्चालन हुन लागेको हो ।

तराईका हकमा कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकासहित टीकापुर, लम्कीचुहा र गोदावरी नगरपालिका, कञ्चनपुर जिल्लाको भीमदत्तनगर, कृष्णपुर, बेदकोट र पुनर्वास नगरपालिका यो कार्यक्रम कार्यान्वयनका लागि छनोटमा परेका छन् । पहाडका सात जिल्लाको हकमा भने विभिन्न २१ वटा स्थानीय तह छनोट गरिएको छ ।

यस कार्यक्रम सञ्चालन गर्न छनोटमा नपरेका अन्य स्थानीय तहमा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी स्वास्थ्य शिविरको आयोजना गर्न लागिएको छ । यसबाहेक आयुर्वेद चिकित्सा पद्धतिको उपयोग गराउनका लागि सुदूरपश्चिम आरोग्य कार्यक्रमसमेत सञ्चालन गर्ने तयारी भएको छ । यसका लागि चालु वर्षमा रु ५० लाख बजेट विनियोजन भएको छ ।

यस कार्यक्रमअन्तर्गत योग, ध्यान, जीवनशैली, परामर्शजस्ता स्वास्थ्यसम्बन्धी गतिविधि गर्न लागिएको छ । नेपालको संविधानको भाग ३ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने उल्लेख छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ मा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्योपचारका लागि अस्पतालसम्म पहुँच पुऱ्याउनका लागि रहेका अवरोध हटाउन आवश्यक व्यवस्था गरिने उल्लेख छ ।

# ज्यान मार्ने उद्योग मुद्दामा फरार वडाध्यक्ष पक्राउ

**सप्तरी/मस-** ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका सप्तरीको राजविराज नगरपालिका-१५ का वडाध्यक्ष रामप्रसाद यादवलाई प्रहरीले मंगलबार पक्राउ गरेको छ । यादवलाई व्यक्ति हत्या गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक तिलक भारतीले जानकारी दिए । फरार प्रतिवादी वडाध्यक्ष यादवलाई पक्राउ गरी जिल्ला अदालतमा उपस्थित गराइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै बहुविवाह मुद्दाका फरार प्रतिवादीलाई समेत प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरी साविक जमुनिमधेपुरा गाविस-९ हाल रुपनी गाउँपालिका-४ का २५ वर्षीय शत्रुधन साह र साहकी कान्छी श्रीमती २० वर्षीया सजनीकुमारी साह रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । रुपनी गाउँपालिका-४ का ३० वर्षीया प्रमिलाकुमारी साहले दिएको जाहेरीको आधारमा बहुविवाह मुद्दाका फरार अरोपीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

**विद्युत् चोरीको आरोपमा २४ पक्राउ**

सप्तरीमा विद्युत् चोरी गरेको आरोपमा २४ जनालाई पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालय तथा इलाका प्रहरी कार्यालय र नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रको संयुक्त टोलीले विद्युत् चोरी गरिरहेको अवस्थामा उनीहरुलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।

टोलीले जिल्लाको बोदेबरसाइन क्षेत्रबाट १६ र राजगढ गाउँपालिकाबाट आठ गरी २४ जनालाई विद्युत् चोरीको आरोपमा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## ललितानिवास...

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अभियोगपत्रले पुष्टि गर्छ ।

यी दुवै निर्णयका आधारमा सरकारी जग्गा व्यक्तिको नाममा गएको भन्दै सो निर्णय प्रक्रियामा संलग्न मन्त्री, सचिवलगायतलाई आरोपी बनाएको अख्तियारले पूर्व प्रधानमन्त्रीद्वयलाई जोगाएको छ । यो प्रकरणमा जोडिएका दुई मुख्य सचिवसमेत मुद्दा प्रक्रियाको दायरामा परेनन् । २०६६ चैत र २०६७ वैशाखमा मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री निवास विस्तारको निर्णय गरेको थियो । सोही निर्णयको आधारमा नक्कली मोहीले सरकारी जग्गा पाएका थिए । त्यो बेला माधव नेपाल प्रधानमन्त्री थिए । माधव नेपालको प्रधानमन्त्रीकालका प्रधानमन्त्री निवास विस्तार गर्न मन्त्रिपरिषद्मा ७ बुँदे प्रस्ताव गएको थियो । सोही प्रस्तावका आधारमा टेकेर मोही नै नभएका १२ जना मोही कायम भएर उनीहरूले १३ रोपनी बढी सरकारी जग्गा पाएका थिए ।

यता, २०६९ मा मन्त्रिपरिषद्ले ३ रोपनी जग्गा पशुपति टिकिन्छा गुठीको नाममा दर्ता गर्न सैद्धान्तिक स्वीकृति दिएको थियो । त्यो बेला प्रधानमन्त्री थिए बाबुराम भट्टराई । भट्टराई प्रधानमन्त्री हुँदा टिकिन्छा गुठीको नाममा ललिता निवासको ३ रोपनी जग्गा दिने सैद्धान्तिक स्वीकृति दिएको थियो । त्यही निर्णयको आधारमा सरकारी जग्गा व्यक्तिको नाममा गएको भन्दै तत्कालीन सचिव दिनेशहरि अधिकारी र तत्कालीन मन्त्री चन्द्रदेव जोशी आरोपी बनेका छन् । बाबुराम प्रधानमन्त्री हुँदा भएको विवादित निर्णयमा हाल चीनका लागि नेपालका राजदूत तथा तत्कालीन मुख्य सचिव लिलामणि पौडेलको समेत सकारात्मक भूमिका देखिएको थियो । ललिता निवासको नाममा रहेको जग्गा गुठीको नाममा दर्ता गर्ने निर्णयका लागि मन्त्रिपपरिषद्मा प्रस्ताव पौडेलले नै लगेका थिए । प्रधानमन्त्रीय पद्धतिमा मन्त्रिपरिषद्बाट हुने निर्णयमा प्रधानमन्त्री जोडिन्छन् नै । तर सो निर्णय बदनियतपूर्ण भएको निष्कर्ष निस्किए पनि त्यसमा पूर्व प्रधानमन्त्री बाबुराम र तत्कालीन मुख्य सचिव लिलामणिको नाम आरोपपत्रमा छैन ।

**गच्छदार निलम्बित**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका उपनेता विजयकुमार गच्छदार सांसद पदबाट निलम्बिनमा परेका छन् । प्रधानमन्त्री निवास विस्तार गर्ने निर्णय गर्दा बालुवाटारको सरकारी जग्गा नक्कली मोही खडा गरेर व्यक्तिको नाममा सारिएको घटनामा दोषी रहेको भन्दै अख्तियारले गच्छदार विरूद्ध विशेष अदालतमा मुद्दा दायर गरेसँगै उनको पद निलम्बनमा परेको हो । अख्तियार दुरूपयोग अनुसन्धान आयोगसम्बन्धी ऐनको दफा १७ मा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई भ्रष्टाचार आरोपमा मुद्दा चलेको अवस्थामा किनारा नभएसम्म स्वत: निलम्बन हुने व्यवस्था गरिएको छ । अख्तियारले गच्छदारसँग बालुवाटार जग्गा प्रकरणमा बयान लिएको थियो ।

माधवकुमार नेपाल प्रधानमन्त्री हुँदा ललिता निवासको सरकारी जग्गा नक्कली मोही हुँदै व्यक्तिका नाममा पुगेको थियो । त्यतिबेला गच्छदार भौतिक पूर्वाधार मन्त्री थिए । गच्छदारले नै बालुवाटारमा प्रधानमन्त्री निवासभित्रको जग्गा सट्टापट्टा गर्ने प्रस्ताव मन्त्रिपरिषद्मा पुऱ्याएका थिए । गच्छदारले भने आफू भ्रष्टाचारमा नरहेको दाबी गर्दै आएका छन् ।

**बिगो माग**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बालुवाटार जग्गा अनियमितता प्रकरणका 'मुख्य दलाल' भनिएका शोभाकान्त ढकाललाई ३९ करोड २७ लाख ६८ हजार बिगो भराउन माग गरेको छ । आयोगले विशेष अदालत काठमाडौंमा बुधबार मुद्दा दायर गर्दै ढकालमाथि सबैभन्दा बिगो दाबी गरेको हो ।आयोगले काठमाण्डौ, बालुवाटारस्थित ललिता निवास क्याम्पभित्रका सरकारी, सार्वजनिक जग्गा हिनामिना प्रकरणमा तत्कालीन उप-प्रधानमन्त्री सहित ३ मन्त्री, ६ विशिष्ट श्रेणीका पदाधिकारी, कर्मचारीहरू र अन्य व्यक्तिहरू समेत गरी जम्मा १७५ जना उपर आरोपपत्र दायर गरेको हो ।

## चीनको ...

देखा परेपछि विश्वभरी नै एक खालको चिन्ता जाहेर भयो, त्यतिबेला २ लाख ५० हजार भन्दा बढी मानिस मरेका रहेछन्, त्यतिबेला चीनले अमेरिकालाई सहयोग गऱ्यो ।' तर अहिले कोरोनाभाइरसबाट ४ सय मर्दा गलत ढंगले प्रचार गरिएको उनले बताए ।

शक्ति राष्ट्रले कस्तो कुरालाई प्रचार गर्ने र कस्तोलाई नगर्ने भनेर आफ्नै ढंगले व्याख्या गर्ने गरेको प्रचण्डको भनाइ छ । कोरना भाइरसबाट त्रसित हुनुपर्ने अवस्था नरहेको भन्दै उनले सतर्क भने हुनुपर्ने बताए । यसबारे सरकारले लगातार जनतालाई प्रशिक्षित गरेको दाबी गर्दै उनले चीनले रातारात अस्पताल र भ्याक्सिन बनाएर नियन्त्रणको प्रयास गरेको प्रचण्डले बताए । 'चीनले सक्ने जति काम गरेको छ, नियन्त्रण हुन्छ छिट्टै भन्ने विश्वास पैदा भएको छ' उनले भने 'विज्ञान प्रविधिको विकासले मानिसलाई सहयोगका साथसाथै चुनौति पनि लिएर आएको छ ।'

## ज्यानमारा...

बिहे गर्ने र घूमाघाम गर्न जाने भन्दै महिलालाई बुढानिलकण्ठको चिसापानी जंगलमा पुऱ्याए र त्यही घाँटी थिचेर तथा टाउकोमा ढुङ्गाले प्रहार गरेर हत्या गरेका थिए ।

- पोखराकी लक्ष्मी परियार आफ्नै श्रीमानबाट मारिइन् । ३५ वर्षीय श्रीमान् रमेश परियार सालीसँगको प्रेममा परेर विवाह गर्ने योजनामा थिए । तर, लक्ष्मीले अस्वीकार गर्दै आइन् । त्यसपछि रमेशले भारतीय कन्ट्याक्ट किलर प्रयोग गरेर उनकै हत्या गरिदिए ।

प्रेमलाई सबैभन्दा पवित्र मानिन्छ । यसमा न कुनै स्वार्थ लुकेको हुन्छ न त कुनै बाधा हुन्छ । त्यही भएर त मायाप्रेमलाई शुद्ध मानिन्छ । कुनै पनि स्वार्थसँग जोडिएको हुदैन् ।

न प्रेमी प्रेमिकाबीच कुनै स्वार्थ नजोडिएकाले न प्रेमीले प्रेमिका फसाउँथे । न प्रेमिकाले प्रेमी मार्ने योजना बनाउँथे । तर, पछिल्लो समय भने प्रेम ज्यानमारा बनिरहेको छ ।

आजभोलि प्रेमिकाले प्रेमी, प्रेमीले प्रेमिका हत्या गरेका समाचार सामान्य हुन थालेका छन् । कसैले त प्रेम जालमा परेर आफ्नै पत्नीको हत्यासम्म गराउन तत्पर भइरहेका छन् ।

प्रेमलाई यौनसँग मात्रै पनि जोडिन थालिएको छ । दुवै जना आ-आफ्नो स्वार्थका लागि मायाप्रेममा पर्ने र स्वार्थ पूरा हुँदा वा नभएपछि हत्या गर्ने सम्मका अपराध भइरहेको छ ।

प्रेमलाई केवल यौनसँग मात्रै जोड्नाले त्यस्तो प्रेम ज्यानमारा हुने गरेको छ । प्रेम गर्ने, त्यसपछि सेक्स अनि त्यसलाई पाखा लगाउन हत्या गर्ने अधिकांश घटना त्यस्तै छन् । यस्ता घटना सामान्यजस्तै लाग्न थालेका छन् ।

नेपाल प्रहरीको तथ्यांक अनुसार तीन सय भन्दा बढीको हत्या भइरहेको छ । जसमा प्रेमी प्रेमीका पनि समावेश छन् । सन् २०१८ मा मात्र ३२२ जनाको हत्या भएको थियो । त्यस्तै सन् २०१९ मा ४ सय जनाको हत्या गरियो ।

नेपाल प्रहरीका प्रवक्ता डीआईजी शैलेस थापा क्षेत्री स्वार्थका कारण यस्ता घटनामा बृद्धि भइरहेको बताउँछन् । सामाजिक सञ्जालको बढ्दो प्रयोग, पश्चिमा संस्कृतिको सिको जस्ता कारण प्रमुख रहेको उनको भनाइ छ ।

तर, मनोविद् गोपाल ढकाल यस्ता घटना घट्नुको पछाडि मानसिक समस्या प्रमुख रहेको बताउँछन् । सामाजिक सञ्जालको जथाभावी प्रयोग, सामाजिक मुल्य मान्यतमा कमी जस्ता कारणले समस्या हुने गरेको उनको भनाइ छ । साईकोपाथ भएका विरामीले यस्ता अपराधध गर्न पछि नपर्ने उनको तर्क छ ।

## पार्टी...

छोडेर प्यानल निर्माणमा योगदान पुऱ्याएको कारण आफुलाई निर्विरोध रुपमा छोडिनु पर्ने माग गरिरहेका छन् । पूर्व महासचिव पौडेलले फोरममा महासचिवको जिम्मेवारी कुशलता पूर्वक सम्पन्न गरेको र गत निर्वाचनमा प्यानल निर्माणका लागि कुनै आकांक्षा नराखेकोले आफुलाई वरिष्ठ उपाध्यक्षको जिम्मेवारी दिइनुपर्ने भन्दै सहमति नभए आफु मतदाता समक्ष जाने तयारीका साथ मैदानमा ओर्लिएको बताए ।

प्रथम उपाध्यक्ष वा उपाध्यक्षमा जनक खड्का, सोम तामाङ, राजेश गौतम, गोपाल घिमिरे र नारायण पराजुलीबीच प्रतिश्पर्धा हुने सम्भावना रहेको छ । महासचिवका उम्मेद्वारका रुपमा प्रचारमा रहेका व्यवसायी नारायण पराजुलीले व्यवसायीहरुको आग्रह अनुसार आफु उपाध्यक्षमा जान तयार भएको जानकारी दिए ।

महासचिवमा भवानी निरौला, कृष्ण कुमार जैसी र चिरञ्जवी बस्यालले इच्छा देखाएका छन् । तीनै जना प्रत्यासीले आफ्ना पक्षमा सहमति जुटाउने प्रयास जारी रहेको बताएका छन् । सचिवमा कमल काफ्ले, प्रकाश वोहरा र भोजराज भुसालले उम्मेद्वारी दिने बताएका छन् । कोषाध्यक्षमा इन्द्र आचार्यको नाम चर्चामा रहेको छ । फोरममा सक्रिय जति पदाधिकारीका आकांक्षी देखिएपनि सदस्य पदमा भने खासै आकांक्षी देखिएका छैनन् । नेतृत्वमा आकांक्षीहरुले नेपाली कांग्रेसको जिल्ला राजनीति देखि फोरमलाई दिएको योगदान, निरन्तरता र सक्रियतालाई अगाडि राख्दै प्रतिश्पर्धी भन्दा आफ्नो उम्मेद्वारी प्रभावकारी हुने भन्दै औचित्य स्थापित गर्ने प्रयास गरिरहेका छन् ।

फोरमका तर्फबाट नेपाली कांग्रेसको महाधिवेशनमा तीन जना व्यवसायीले प्रतिनिधित्व पाउने व्यवस्था रहेको हुँदा कतिपयले शुरुमै अध्यक्षका आकांक्षीलाई महाधिवेशन प्रतिनिधि बनाउने प्रतिवद्धता दिएर उम्मेद्वारीको दौडबाट रोक्नुपर्ने सुझाव पनि दिन थालको छन् । त्यसैगरी फोरमले बुधबार साँझसम्म ३ सय ६८ व्यवसायीहरुले सदस्यता नवीकरण गरेको बताएको छ ।

फोरमको मंगलबार सम्पन्न वर्तमान कार्यसमितिको अन्तिम बैठकले नेपाल वैदेशिक रोजगार व्यवसायी संघका द्वितीय उपाध्यक्ष कमल देव मल्लको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ । समितिमा अधिवक्ता सन्देश राजभण्डारी र अधिवक्ता समेत रहेका व्यवसायी त्रिलोकचन्द विश्वास सदस्य तोकिएका छन् ।

तु-आवश्यकता

यस मेनपावर कार्यालयका लागि निम्न लिखित कर्मचारीहरु चाहिएकोले ईच्छुक ब्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला ।

1. Receptionist - 1 Female

सम्बन्धित काममा दक्ष र म्यानपावर क्षेत्रमा कम्तीमा २ वर्षको अनुभब हुनुपर्नेछ ।

सुविधाहरु : कम्पनीको नियम अनुसार / तलब आकर्षक हुनेछ ।

Gov. Lic. No.: 671/063/064

Dream & Guide System Pvt. Ltd.
Basundhara-3, Kathmandu
Tel : 01-5905859, 5905860, Mob.: 9818897658, 9813198600
Email: dreamguidesystem@gmail.com, Web.: www.dreamguide.com

Vacancy Announcement

A Reputed Foreign Employment Agency is looking for suitable candidates for the given post.

Operation Manager (Female)

**Qualifaction:** BBS Passed, Good command of English, 2 years experienced in Manpower field, Knowledge of documentation, Able to work under pressure, Used to with Email and internet, Sound knowledge of computer, Able to handle clients.

Salary Negotiable

Al Shahid Overseas Pvt. Ltd.
Gov. Lic. No. 1329/074/75
Dhumbarahi, Kathmandu, Nepal, Tel: 4414440
Mob.: 9801907638, E-mail: alshahid.overseas.np@gmail.com

# 'भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्ने गरी विधेयक आएन'



**काठमाडौं/मस–** राष्ट्रियसभाका सदस्यहरुले भ्रष्टाचार निवारणका लागि ऐन कानुन मात्रै बनाएर नहुने भन्दै राजनीतिक नेतृत्वको छविमा सुधार ल्याउनुपर्ने सुझाव दिएका छन् । राष्ट्रियसभाको बुधबारको बैठकमा भ्रष्टाचार निवारण पहिलो संशोधन विधेयक २०७६ माथिको सैद्धान्तिक छलफलमा सहभागी हुँदै सांसद्हरुले सबल राजनैतिक नेतृत्व र नेतृत्वको नैतिक आचरणमा पनि सुधार ल्याउनुपर्ने आवश्यकता रहेको बताएका हुन् ।

सांसद् जितेन्द्र नारायण देवले दण्ड सजायको हकमा विगोलाई मात्रै आधार नबनाई भ्रष्टाचार गर्ने व्यक्तिको पदिय हैसियतलाई पनि सजायमा समावेश गर्नुपर्ने धारणा राखे । उनले प्रगतीशिल अनुपातमा कर्मचारीको तलब बढाउने, कर्मचारी र माफियाहरुलाई पार्टीको सदस्यता नदिने र सार्वजनिक पदहरुलाई स्वच्छ बनाउन सकेमा भ्रष्टाचार अन्त्य हुने तर्क उनले गरे । प्रधानमन्त्री, मन्त्रीहरु र सचिवहरुको पद स्वच्छ भएको दिन मुलुकमा भ्रष्टाचार अन्त्य हुने भन्दै उनले ती सार्वजनिक पदहरुलाई स्वच्छ बनाउने तर्फ आवश्यक नियम र व्यवस्था गर्नुपर्ने सुझाव दिए ।

सांसद् रामप्रित पासवानले भ्रष्टाचारका कारण भन्दा पनि प्रवृतिलाई नियन्त्रण गर्ने किसिमले ऐन बनाउनुपर्ने बताए । इमान्दार व्यक्ति निरुत्साहीत हुने शैली समाजमा व्याप्त रहेको भन्दै त्यस तर्फ सरकारले ध्यान दिनुपर्ने बताए । उनले भष्ट्राचार निवारणका लागि नियम कानून भन्दा पनि सबल राजनैतिक नेतृत्व, नैतिक आचरणमा सुधार, सामाजिक मान्यता र व्यवहारमा परिर्वतन, जनचेतनामा वृद्धि र दृढ राज्यनीति हुनुपर्ने आवश्यकता औंल्याए ।

सांसद् रामनारायण विडारीले कर्मचारीको छोरा छोरी सरकारी स्कुलमा पढाउने सरकारी अस्पतालमा उपचार गराउने गरी कानून बनाउन सक्यो भने भ्रष्टाचार अन्त्य हुने बताए । समाजको विकाससँगै अपराधको पनि प्रगति हुने भएकाले विधि नियम पनि आधुनिक बनाउँदै लैजानुपर्ने र त्यो विषय विधेयकमा आएको भन्दै विधेयकको प्रसंशा गरे ।

सांसद् प्रकाश पन्थले वर्तमान अवस्थामा जटिल बन्दै गएको भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्ने गरी विधेयक नआएको टिप्पणी गरे । पछिल्लो समय मिडियामा आएका समाचारलाई मात्रै हेर्ने हो भने पनि मुलुकमा भ्रष्टाचार व्याप्त रहेको देखिएको उल्लेख गर्दै उनले ठूला भ्रष्टाचारीलाई नियन्त्रणमा लिएर कारवाही गर्न सक्ने ढंगले बलियो व्यवस्था विधेयकमा गरिनुपर्ने तर्क गरे ।

## पासवानको व्यांग्यात्मक कविता

'नेपालीहरु खोज्दैछन् विकास र सम्मृद्धि
अनायास देख्दै छन् दण्डहिनता र भ्रष्टाचारमा वृद्धि
तरकारी बजार देखी सरकारी कार्यालयसम्म भ्रष्टाचार झांगीसक्यो,
शैसब कालमै सम्मृद्धिलाई कोरोना भाईरसले खाईसक्यो ।
समानता स्वतन्त्र शिकिस्त छन्, लोकतन्त्र पनि थलो ल परिसक्यो
संघीयता, गणतन्त्र छटपटिदै छन् यहाँ,
समावेशीताको पारा झरिसक्यो
आफ्नै भूमिका नागरिकता दिदैनौ ठानेर विदेशी
के अपराध भो जन्मनु भई जनजाति र मधेशी
गास, बास, कपास माग्दा कुरा मात्रै चिला
जनता आवास, भूमि ऐन पनि कहा छ र गतिला ?
हिड्ने सडक माग्दा जहाजको कुरा झिक्छौ
सत्ता टिकाउन, विदेशी डलर पाउन आफै किन बिक्छौ ?
यहाँ सम्म कि सरकार,
यति सम्झौता, गोकर्ण रिसोर्ट र मेलम्ची ठेक्कामा के ठिक छौ ?
सरकार,
न्याय र समानताको नारा लगाउछौ बेसरी
समान दोषमा कोही सत्तामा त कोही जेलमा कसरी ?
ढुकुटीमा मोजमस्ती, अनुदानमा गर्छौ भोज,
जनता किन भोकै छ् गर्यौ कहिलेही खोज ?
देश बनाउन युवा शक्ति खाडीमा फाल्दैछन् ज्यान,
के पाए युवाले सिवाय तिरस्कार र अपमान
तिमिलाई छुट कसरी ? गर्न वाईड वडी र एनसेल काण्ड
पुर्खौको पौरख गुमाउदै हसाई पुरै ब्रह्माण्ड ?
प्याजको भाउ घट्दै गर्दा कुखुराको भाउ आकासिसक्यो
के गर्यौ सरकार कुखुराको मुल्यले होलिको मुखैमा पिरोलिसक्यो ।'

सांसद् ठगेन्द्र प्रकाश पुरीले भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न ल्याएको विधेयकमा सरकारले स्वच्छता र निश्पक्षतालाई सम्बोधन गर्दै समाजमा अनुशासन कायम गर्नका लागि केही व्यवस्था थप र केही परिमार्जन गरि ल्याइएको बताए । सैद्धान्तिक छलफलमा उठेका सवालको सरकारको तर्फबाट जवाफ दिदै जनसंख्या र कानून न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकालले वर्तमान सरकार सबै किसिमको भ्रष्टाचारको समुल अन्त्य गर्नेमा प्रतिवद्ध रहेको स्पष्ट पारेका थिए ।

# 'उपचार नपाएर अब कसैले अकालमै ज्यान गुमाउनुपर्दैन'

**गुल्मी/मस–** परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले अब उपचार नपाएर अकालमै ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य भएको दाबी गरेका छन् । गुल्मीमा स्वास्थ्य बीमा सदस्यता दर्ताको शुभारम्भ गर्दै मन्त्री ज्ञवालीले अव देशमा उपचार नपाएर कोही नागरिकको अकालमै मृत्यु भयो भन्ने समाचार सुन्ने दिनको अन्त्य भएको दावी गरेका हुन् ।



समाजमा रहेका नागरिकले बिगतका दिनमा स्वास्थ्यमा धेरै चुनौतीको सामाना गर्नु परेको बताउँदै अझै पनि शिक्षा स्वास्थ्यमा सेवा भन्दा पनि नाफा कमाउने प्रबृति हावी रहेकाले त्यसको अन्त्य गर्नका लागि सरकार लागि परेको बताए । सरकार देशका नागरिकको स्वास्थ्य र शिक्षामा सुधार ल्याउनका लागि परेको दाबी गर्दै मन्त्री ज्ञवालीले उल्लेख्य मात्रामा मातृ तथा शिशु मृत्युदरलाई घटाउन सफल भएको बताए ।

मन्त्री ज्ञवालीसहित जिल्ला समन्वय समिति गुल्मी प्रमुख लक्ष्मण पराजुली, उपप्रमुख तुल्सी श्रेष्ठलगायत जिल्लाका १२ वटै स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वास्थ्य बीमा सदस्यता दर्ता गराएका हुन् । स्वास्थ बीमा सदस्यता दर्ता कार्यक्रममा सहभागी हुने पाँच जनाको परिवारले बार्षिक तीनहजार पाँच सय प्रिमियम रकम बुझाउनु पर्नै तथा पाँचजना भन्दा बढी रहेको परिवारले प्रति थप सदस्य सात सयका दरले रकम बुझाउनुपर्ने छ । बीमा बोर्डका कार्यकारी निर्देशक रमेशकुमार पोखरेलले ५१ औ जिल्लाको रुपमा गुल्मीमा स्वास्थ्य बीमा कार्यक्रम संचालन भएको बताए ।

## वडाध्यक्ष धामी हत्या प्रकरण

# अनुसन्धानका लागि सात जना नियन्त्रणमा

**अछाम/मस-** पञ्चदेवल-विनायक नगरपालिका-२ का वडाध्यक्ष पदमाबहादुर धामी हत्याबारे घटनास्थलको सघन अनुसन्धान शुरु भएको छ । जिल्ला प्रहरी कार्यालय अछामका अनुसार काठमाडौंदेखि आएको सिआइबीको टोली र धनगढीबाट आएको कुकुरसहितको टोलीले घटनास्थलको अनुसन्धान शुरु गरेको हो । मंगलबार बिहानदेखि मृतक वडाध्यक्ष धामीको शव र घटनास्थललाई नियन्त्रणमा लिई प्रारम्भिक अनुसन्धान शुरु गरिएकामा मंगलबार बिहान ७ बजेदेखि कुकुर ट्रयापिङसहित घटनास्थल र एक-दुई किलोमिटर वरपरको क्षेत्रमा सर्च गर्ने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय अछामका प्रवक्ता, प्रहरी निरीक्षक रमेशदत्त अवस्थीले जानकारी दिए ।

घटनास्थलमा काठमाडौंदेखि आएका सिआइबीका प्रहरी निरीक्षक सन्तोष श्रेष्ठको कमान्डमा तीन र धनगढीबाट एउटा कुकुरसहित प्रहरी निरीक्षक दीपक पातलीको कमान्डमा छजना प्रहरी परिचालन भएका छन् भने अछाम प्रहरीको सम्पूर्ण संयन्त्र परिचालन भएको प्रवक्ता अवस्थीको भनाइ छ ।

यस्तै अछामका प्रजिअ भोजराज श्रेष्ठ र प्रहरीप्रमुख प्रहरी नायब उपरीक्षक दीपक भारतीले समेत अनुसन्धानको नेतृत्व गरिरहेको बताइएको छ । मृतक वडाध्यक्ष धामीसँगै सोमबार राति ८/९ बजेसम्म सँगै रहेका सातजनालाई प्रारम्भिक अनुसन्धानका लागि प्रहरीले पक्राउ गरेको र सोधपुछ भइरहेको अवस्थीको भनाइ छ ।

विनायक बजार बन्द

घटनाको निष्पक्ष छानबिनको माग गर्दै आज बिहानदेखि विनायक बजार बन्द गरिएको छ । मृतकका आफन्त र स्थानीयवासीले बिहानदेखि सडकमा चक्काजाम गरेका छन् । विनायक बजारका पसलहरु बन्द छन् । आफन्तहरुले अनुसन्धानमा प्रहरीले ढिलाइ गरेको आरोप लगाउँदै प्रदर्शन गरिरहेका छन् ।

पञ्चदेवल बजारमा बिहानदेखि टायर बालिएको छ भने सवारी आवगमन पनि बन्द छ । वडाध्यक्ष धामीको हत्या भएको दुई दिन बितिसक्दा पनि दोषी पत्ता लगाउन नसकेको भन्दै स्थानीयवासी आक्रोशित भएका छन् ।

मंगलबार बिहान विनायक बजारबाट ३० मिनेट टाढा रहेको गैरीगाउँको भैंसीगोठमा वडाध्यक्ष धामी मृतावस्था भेटिएका थिए । ४० वर्षीय धामी शिक्षण पेशाबाट राजीनामा गरेर नेपाली काँग्रेसबाट वडाध्यक्षमा निर्वाचित भएका थिए ।

# ललितपुरमा घर नम्बर राख्ने काम अघि बढ्यो




**ललितपुर/मस–** ललितपुर महानगरपालिका-३ बाट मेट्रिक ठेगाना प्रणालीअनुसार घर नम्बर राख्ने काम अघि बढेको छ । महानरपालिका प्रमुख चिरिबाबु महर्जनले मंगलबार तीनवटा नम्बरप्लेट '१८७३ सत्यमोहन जोशी मार्ग' महानगरपालिकाको कार्यालयमा, '२९१ पुल्चोक झम्सीखेल मार्ग' वडा नं ३ को कार्यालयमा र '३५ भनीमण्डल मार्ग' लिखित प्लेट सेन्टमेरिज विद्यालयको गेटमा टाँसेर उक्त कामको शुभारम्भ गरे ।

ग्वार्कोबाट महानगरपालिकाको पछाडि उत्तरी गेटसम्म मापन गरिएको १८७३ नम्बरप्लेटको दूरी हो । यसैगरी २९१ नम्बरप्लेट झम्सीखेल चोकबाट वडा नं ३ को वडा कार्यालयसम्म र ३५ नम्बरप्लेट भनीमण्डल चोकदेखि सेन्टमेरिज विद्यालयको गेटसम्मको दूरी रहेको महर्जनले जानकारी दिए । उनले भने, 'महानरपालिकाका घरघरमा नम्बरप्लेट राखेपछि एक स्थानबाट अर्को स्थानमा सजिलै पुग्न सकिन्छ । वडा नं ३ मा पाँच हजार घरधुरी रहेका हुँदा हाललाई परियोजनाका रूपमा हामीले पहिला यहाँका एक हजार घरमा नम्बरप्लेट राख्ने छौँ ।' परियोजना अघि बढाउँदै जाँदा काम गर्न समस्या भएन भने यसैअनुरूप दोस्रो चरणको काम अघि बढाइने उनको भनाइ थियो ।

घर नम्बर प्रणालीको विकासले घर पत्ता लगाउने समस्याको अन्त्य भई स्मार्ट्सिटीको परिकल्पना सकारात्मक बनाउन सहयोग गर्ने महर्जनको बुझाइ छ । महानगरपालिकाका वरिष्ठ इञ्जिनीयर तथा नक्सा शाखा प्रमुख श्रीकुमार महर्जनले महानगरपालिकाले उक्त कामलाई दुई चरणमा अघि बढाउने बताए । उनले भने, 'हामीले जियो-नेष्ट-इन्डेको जेभी नामक तीन संस्थासँग सहकार्य गरेर पहिलो चरणमा घरको संख्या गणना गर्ने, तथ्यांक संकलन गर्ने, हरेक वडा, टोल, सडक र गल्लीमा नाम दिएका छौँ ।' नगरपालिकामा रहेका अन्य ८७ घरलाई दोस्रो चरणको योजना बनाएर नम्बरप्लेट राखिने महर्जनले बताए ।

महानगरपालिकाका परामशर्दाता ईश्वरमान जोशीले महानगरपालिकामा रहेको हिलो र धुलोका कारण घर गन्ती गर्न निकै समस्या परेको बताए । उनले भने, 'महानगरपालिकाभित्र कूल ८८ हजार घर छन् । यी घरमध्ये ५८ हजार ४२३ आवासीय घर र बाँकी अन्य करीब ३० हजार घर व्यापारिक महल आदि छन् ।'

नम्बरप्लेट राख्न इच्छुक व्यक्तिले घरजग्गाको कर तिरिसकेको हुनुपर्ने र प्रतिनम्बरप्लेट जडान गरेवापत एउटा घरले रु एक हजार तिर्नुपर्ने जनाइएको छ । कार्यक्रममा महानगरपालिकाभित्र वार्षिक दुई हजार घर थपिँदै गएको, पहिलो चरणको परियोजनामा रु चार करोड २१ लाख ३० हजार खर्च भइसकेको र दोस्रो चरणको काम अघि बढाउन बोलपत्र आह्वान गरिने र यसमा रु नौदेखि १० करोड खर्च लाग्ने जानकारी दिइयो ।

# शुल्क कार्यान्वयनमा आएन : आन्दोलनको चेतावनी

**नेपालगञ्ज/मस–** नेपालगञ्ज विश्वविद्यालयको सम्बन्धनमा सञ्चालित नेपालगञ्ज मेडिकल कलेजविरुद्ध बाँके जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको छ । कलेजले प्रशासनले अतिरिक्त शुल्क माग गरी भर्ना रोकेपछि विद्यार्थीले कार्यालयमा उजुरी दर्ता गराएका छन् ।




सरकारले निर्धारण गरेभन्दा इन्टर्नसीपका लागि रु दुई लाख र सेक्युरिटी डिपोजिटका लागि रु एक लाख गरी थप रु तीन लाख कलेजले माग गरेपछि विद्यार्थीले सो विरुद्ध उजुरी दिएका हुन् । उनीहरूले निर्धारित शुल्कमै भर्ना हुन पाउनुपर्ने समेत गरेका छन् ।

चिकित्सा शिक्षा आयोगले शैक्षिक सत्र विसं २०७६/७७ का लागि चिकित्सा शिक्षाको स्नातक तहमा (एमबिबिएसमा) उपत्यकामा ४० लाख २३ हजार २५० र उपत्यकाबाहिर ४४ लाख ३६ हजार २५ निर्धारण गरेको थियो । शिक्षण शुल्कभित्रै समेटिने इन्टर्नसीप, विश्वविद्यालयको रजिस्ट्रेशन, परीक्षालगायत शीर्षकमा अतिरिक्त शुल्क माग गरेको विद्यार्थीले गुनासो रहेको छ ।

चिकित्सा शिक्षा संघर्ष समितिले विभिन्न माग राखी आन्दोलनमा उत्रने चेतावनी दिएको छ । समितिले विगतमा भएका सम्झौता मेडिकल कलेजले कार्यान्वयन नगरेको र यसै शैक्षिक सत्रमा भर्ना हुने विद्यार्थीबाट अतिरिक्त शुल्क माग गरेकाले जनाउँदै आन्दोलनमा उत्रने चेतावनी दिएको हो ।

संघर्ष समितिका संयोजक डा मिलन गैरे, प्रवक्ता सुजन कडेरिया र महासचिव अनित सिन्हाले विज्ञप्ति जारी सो चेतावनी दिएका छन् । नेपालगञ्ज मेडिकल कलेजले बढी शुल्क मागेको विषयमा विद्यार्थीको उजुरी आएको बाँकेका प्रजिअ कुमारबहादुर खड्काले जानकारी दिए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖ Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier
HK
Cleaners/House Keeping/ Laundry man, Room boy
KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.
G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# नजीर स्थापित गराउने मुद्दा

ललिता निवास जग्गा हिनामिहना प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । बुधबार दायर मुद्दामा पूर्व मन्त्रीहरू बिजयकुमार गच्छदार, चन्द्रदेव जोशी र डम्बर श्रेष्ठ सहित १७५ जना विरूद्ध मुद्दा दायर भएको छ । अख्तियारले जग्गा हिनामिनामा संलग्न भन्दै पूर्व सचिवहरू छबिराज पन्त, दिनेशहरी अधिकारी र दीप बस्न्यात विरूद्ध मुद्दा पनि दायर गरेको छ । व्यवसायी मीनबहादुर गुरूङ समेत यो मुद्दामा तानिएका छन् । तर, आयोगले पूर्व प्रधानमन्त्रीहरू माधवकुमार नेपाल र बाबुराम भट्टराई तथा पूर्व मुख्यसचिव लिलामणि पौडेललाई भने मुद्दा दायर गरेको छैन ।

सचिव स्तरीय निर्णय अख्तियारले हेर्न नमिल्ने भन्दै उनीहरू विरूद्ध भने मुद्दा नचलाइएको जनाइएको छ । गृह मन्त्रालयले समेत छानबिन गरिसकेको ललितानिवास जग्गा प्रकरणबारे अहिले प्रमुख चर्चाको विषय बनेको छ । सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का महासचिव बिष्णुप्रसाद पौडेलको नाममा समेत जग्गा भेटिएपछि यो प्रकरण बढी चर्चामा आएको थियो । तर, अख्तियारले मन्त्री स्तरीय निर्णय नछुने भन्दै पूर्व मन्त्रीहरूलाई मात्रै जग्गा हिनामिना प्रकरणमा मुद्दा दायर गरिएको छ ।

संभवतः नेपालमा यति धेरै संख्यामा भीभीआईपी सहित मुद्दा दायर भएको यो पहिलो हुनसक्छ । ललितानिवासको २ ९९ रोपनी मध्ये ११४ रोपनी जग्गा हिनामिना गर्न एक पछि अर्को मन्त्री जोडिएको निष्कर्ष सहित अख्तियारले मुद्दा दायर गरेको छ । राजनीतिक परिवर्तनसँग जोडिएकाले यो प्रकरण एउटा नजीरका रूपमा समेत स्थापित हुनसक्नेछ । किनभने, पञ्चायतकालीन समयमा यस्ता थुप्रै सार्वजनिक जग्गा देशका विभिन्न स्थानमा समेत हिनामिना गरिएको चर्चा हुँदै आएको छ ।

अझ यो प्रकरण अहिले बढी महत्व राख्ने अर्थ–सामाजिक परिस्थिति समेत बन्दै गएको छ । किनभने, अहिले सवैभन्दा बढी चलेको व्यवसाय जग्गाजमिन बनिरहेको छ । जग्गाको दलालीको स्वर्ण युग बनिरहेका बेला आमपंक्तिलाई सचेत गराउन पनि यो प्रकरणले बल पुग्नेछ । जग्गा हिनामिनाका दोषी पत्ता लगाउने तर, निर्दोष नफस्नेगरी यो प्रकरण अगाडि बढे जमिनमाथिको कालोबजारी समेत रोकिनेछ । होइन, क्लिन चिट दिन मात्रै यो कदम चालिएको हो अथवा पूर्वाग्रह राखिएको हो भने यो प्रकरणले गलत इतिहास निर्माण गर्नेछ भने सोही अनुरूपको प्रणाली समेत विकास हुनेछ । त्यसैले यो प्रकरण दबाव रहित तर, निष्पक्ष रूपमा अगाडि बढाउन जरूरी छ ।

# पुँजीगत खर्च गर्न शक्तिशाली सरकार असफल



■ रमेश खड्का

> संघीय सरकार र स्थानीय सरकार मात्र होइन प्रदेश सरकारले पनि जनअपेक्षाको एक छेउ पनि पुँजीगत खर्च गर्न सकेन । अघिल्ला वर्षहरूमा विकास खर्च गर्न नसक्नुमा कर्मचारी र कानून अभावका साथै कामको अनुभव नभएको जस्ता कारण देखाइएको थियो ।

समाजवाद उन्मुख अर्थतन्त्रको नीति लिइने भनि उद्घोष गर्ने तर व्यवहारमा दलाल पुँजीवाद अर्थतन्त्र नीति लागू गर्ने नेकपाको शक्तिशाली सरकार पूँजीगत खर्च गर्न असफल भएको छ । सुशासनको गीत गाएर कहिल्यै नथाक्ने केपी शर्मा ओली नेतृत्वको सरकार आर्थिक वर्ष आधा बितिसक्दा पनि पुँजीगत खर्च भने १४ प्रतिशत भन्दा कम हुनुले समृद्ध नेपाल सुखी नेपालीको नारालाई थप चुनौती प्रदान गरेको छ । आर्थिक वर्ष २०७६/७७ मा सरकारले ४ खर्ब ८ अर्ब रुपैयाँ पुँजीगत खर्च (विकास वजेट) विनियोजन गरेकोमा पुष अन्तिम सम्ममा ५८ अर्ब ३९ करोड अर्थात १३ दशमल ७२ प्रतिशत मात्रै खर्च भएको छ । पुँजीगत खर्च हुन नसक्दा अहिले सरकारी खातामा १ खर्ब ७४ अर्ब रुपैयाँ थन्किएर बसेको छ । यो महालेखा नियन्त्रक कार्यालयको तथ्यांक हो ।

कहि नभएको जात्रा हाडी गाउँमा भनेझैं कमजोर पुँजीगत खर्चमा समृद्धिको सपना किन बाँडिरहेको छ कम्युनिष्ट सरकारले ? के कारणले उसलाई रोक्यो विकास खर्च गर्न ? कतै सुशासनको लागि सरकार होइन भ्रष्टाचारको लागि सरकार भएको कारणले पुँजीगत खर्च गर्न नसकेको हो ? यी सबै प्रश्नहरुको उत्तर खोज्ने बेला आएको छ । यस्ता विषयमा प्रतिपक्षी दल नेपाली कांग्रेसको विशेष ध्यान जानु पर्थ्यो तर नेपाली कांग्रेस गुट,उपगुट र आन्तरिक कलहमै रुमलिएकोले कम्युनिष्ट सरकारले झन विकास खर्च नगरी भ्रष्टाचार गर्न मनोबल बढेको हो ।

प्रधानमन्त्रीले पुँजीगत खर्च किन समयमै हुन सकेन भनेर समीक्षा बैठक डाक्छन । त्यहाँ गम्भीर छलफल भएको पनि सुनिन्छ, तैपनि विकास वजेट खर्च बढ्नुको सट्टा अझ घटेको छ । गत वर्षको सोही अवधिको तुलनामा ४ प्रतिशतले कम खर्च भएको छ । यसले सरकारले ल्याएको समृद्ध नेपाल खुसी नेपालीको नारालाई गिज्याइरहेको छ । सरकार शक्तिशाली पनि छ । थुप्रै नीतिगत परिवर्तन पनि भएका छन् । तैपनि सरकारले पुँजीगत खर्च गर्न सकिरहेको छैन । सरकार लोकतान्त्रिक मूल्य मान्यतामा नहिँडी अधिनायकवादी बाटोमा हिडेकोले पुँजीगत खर्च वढाउन नसकेको हो ।

पुँजीगत खर्च गर्न सरकार असफल देखिनुको मुख्य कारण सरकार आफै इमान्दार तरिकाले नलाग्नुले हो । सरकारका मन्त्रीहरु नै आफ्नो मन्त्रालय अन्तर्गतका आयोजनाहरु सम्पन्न गर्ने भन्दा कताबाट भ्रष्टाचार गर्न सकिन्छ, कताबाट कमिसन खान सकिन्छ, त्यसमा केन्द्रित छन् । राम्रा मान्छेलाई आयोजना ठेक्का दिने भन्दा हाम्रा मान्छेलाई भन्ने परिपाटीले पुँजीगत खर्चको कार्यान्वयनमा असफलता भएको प्रष्ट देखिन्छ । कुनै आयोजनालाई वजेट दिँदा या छनौट गर्दा कुनै योजना बनाइदैन । परियोजनाको आधार तयार नपारी रकम छुट्याउने प्रचलन छ । अनि कसरी हुन्छ समयमै पुँजीगत खर्च ?

स्थानीय निकायका पदाधिकारी नियुक्त भएपछि मुलुकको पुँजीगत खर्च अर्थात विकास खर्च बढ्ने आशा राखिएको थियो तर त्यसमा पनि तुषरापात भएको छ । स्थानीय सरकार भ्रष्ट भएकोले पुँजीगत खर्चमा समस्या परेको हो । आर्थिक अनियमितता र भ्रष्टाचारमा स्थानीय तह पहिलो नम्बरमा परेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केहि समय अघि राष्ट्रपति समक्ष बुझाएको प्रतिवेदनले सार्वजनिक गरेसँगै भ्रष्टाचारका फेहरिस्त र तथ्यगत सुझावले यसको पुष्टि हुन्छ । संघीय शासन पद्धतिको मुलभूत उद्देश्य स्रोतको अधिकतम प्रयोग गरी नागरिकलाई सहज पुऱ्याउने हो । अख्तियारको सर्बेक्षण हेर्ने हो भने स्थानीय तहमा डरलाग्दो भ्रष्टाचारको जग वस्न लागेको देखाउछ । पहिला ठूला ठूला भ्रष्टाचार सिंहदरवारमा मात्र केन्द्रित थिए भने आज योजनावद्ध ढंगमा गाउँसम्मै विकृत ढंगले भ्रष्टाचारले जरा गाडेको छ । स्थानीय निकायका पदाधिकारीले कसरी भ्रष्टाचार गर्न सकिन्छ भनेर प्रदेश सरकार र संघीय सरकारबाटै धेरै कुरा सिके ।

स्थानीय सरकार अहिले सेवा नभएर सास्तीमा परिणत भएको छ । गएको स्थानीय निर्वाचनको वेला उम्मेदवारले निर्वाचन जित्नकै लागि अत्याधिक खर्च गरे । आज उनीहरुले त्यो वेला खर्चिएको धन, बजेट देखी प्राकृतिक स्रोत साधन दुरुपयोग गरी उठाउने कसरतमा लागेका छन् । त्यतिमात्र होइन उनीहरुले स्थानीय तहलाई कार्यकर्ताको भर्तिको केन्द्रविन्दु बनाएका छन् । तिनले परामर्सदाता, प्रेस कानूनी सल्लाहकार, विज्ञ समूहका नाममा कार्यकर्ता भर्ति गराएका छन् । स्थानीय विकासमा खर्चीनु पर्ने सरकारी वजेट कार्यकर्ता पौस्न खर्चिए पछि कसरी हुन्छ समयमै वजेटको कार्यन्वयन ?

हरेक चोटी निर्माण हुने सरकारले समयमै पुँजीगत खर्च गर्ने, असारे विकासको रोग निम्तन नदिने घोषणा गर्छन । पछिल्लो दुई तिहाई नजिकको कम्युनिष्ट सरकारले पनि यस्तै घोषणा गरेको थियो । पुँजीगत खर्चको वजेट समयमै खर्च होस भन्ने हेतुले संबैधानिक र नीतिगत व्यवस्था पनि गरिएका छन् । पहिले बजेट पास भएर कार्यन्वयन गर्न समस्या भयो भनेर संविधानले जेठ १५ मै बजेट ल्याउने व्यवस्था गरेको छ । त्यसमा नयाँ आर्थिक वर्ष नलाग्दै वजेट पास भएर साउन १ गते देखि नै अख्तियारी जान थालेको छ । तैपनि विकास वजेट खर्च गर्न जेठ असार नै किन कुरिएको हो ? बुझिनसक्नु छ । समयमै काम हुन नसक्दा एकातिर गुणस्तर कायम हुँदैन भने अर्कोतर्फ सबैतिर काम हुँदा नियमक निकाय देखि आम नागरिक र मिडिया सम्मले उचित निगरानी गर्न सक्दैन ।

हरेक वर्ष असारे विकासको नाममा मिलीभगतमा ठूलो रकम खर्चिने गरेको छ । ११ महिनासम्म सुस्ताएको विकास निर्माण कार्यले असार महिनामा मात्र युद्ध स्तरको गति लिन्छ । रातारात सडक, पुल, ढल, कल्भर्ट, नहर, कुलो आदि खडा हुन्छन् । धुलाम्मे र हिलाम्मे सडकहरु रातारात पिच हुन्छन् । तर त्यो कति टिकाउ हुन्छ भन्ने कुरा त्यसको प्रमाणित गर्ने पदाधिकारीलाई समेत थाहा हुँदैन । कतिपय कामहरु कागजमा मात्रै उल्लेख गरेर पनि अरबौ भ्रष्टाचार हुने गरेका पनि प्रशस्तै उदाहरण छन् । गत आर्थिक वर्ष २०७४/७५ को जेठ ३१ म एकैदिन २७ अर्ब सम्म पुँजीगत खर्च निकासा भएको थियो । त्यो नेपालको इतिहासमा पुँजीगत खर्चको लागि निकासा भएको ऐतिहासिक रेकर्ड हो । अघिल्लो वर्ष २०७५/७६ मा जेष्ठ अन्तिम सम्ममा ४८ प्रतिशत मात्र खर्च भएको थियो । तर अहिलेको पुँजीगत खर्चको सिनारियो हेर्दा त्यति खर्च पनि नहुने देखिन्छ ।

संघीय सरकार र स्थानीय सरकार मात्र होइन प्रदेश सरकारले पनि जनअपेक्षाको एक छेउ पनि पुँजीगत खर्च गर्न सकेन । अघिल्ला वर्षहरुमा विकास खर्च गर्न नसक्नुमा कर्मचारी र कानून अभावका साथै कामको अनुभव नभएको जस्ता कारण देखाइएको थियो । चालुआर्थिक वर्षको पहिलो ६ महिना वितिसकेको छ । तैपनि विकास खर्च ३ प्रतिशत देखि उच्चतम २० प्रतिशतसम्म मात्र देखिएको छ । प्रदेश नं.१ मा २० प्रतिशत पुँजीगत खर्च देखिएको छ भने कर्णाली प्रदेशमा अत्यन्तै निराशाजनक ३.३० प्रतिशत मात्रै देखिएको छ ।

पुँजीगत खर्च गर्न मात्र होइन सरकारलाई राजस्व संकलन लक्ष्य भेट्न समेत कठिन देखिएको छ । सरकारले ६ महिनाको अवधिमा ५ खर्ब ३७ अर्ब राजस्व संकलन गर्ने लक्ष्य लिएको थियो तर यो अवधिमा ३ खर्ब ५० अर्ब रुपैयाँमात्र संकलन गरेको छ । पुष मसान्तसम्मको राजस्व संकलनको तथ्यांकले वर्ष भरिको संकलन समेत देखाउने भएकोले समेत अर्थमन्त्रालय राजस्व संकलनको लक्ष्य भेटाउने दवावमा छ ।

अन्त्यमा पुँजीगत खर्च विकास सँगै मात्रै सम्बन्धित छैन । पुँजीगत खर्चले पुरै अर्थतन्त्रलाई चलायमान बनाउँछ । खर्च समयमै नहुँदा बजारमा रकम जान पाउँदैन । बजारमा रकम नगए पछि बैंकिङ प्रणालीमा लगानी योग्य कम भई ऋणको व्याज समेत बढ्छ । त्यतिमात्र होइन औद्योगिक उत्पादन समेत कम भई मूल्य वृद्धि समेत अत्याधिक हुने गर्छ । औद्योगिक उत्पादनमा कमी आउँदा देशकै उत्पादकत्वमा समेत असर पर्छ । त्यसले हाम्रो आर्थिक वृद्धिदरमा समेत प्रभाव पर्न जान्छ । सरकार आफै इमान्दार ढंगबाट लाग्ने हो भने मात्र पुँजीगत खर्च समयमै सिद्धिन्छ । यसतर्फ प्रतिपक्षी दलको पनि महत्वपूर्ण भूमिका रहन्छ ।

## सामाजिक सञ्जाल



जनताले ५ वर्ष सरकार चलाउ भनेर दिएको म्यान्डेटमा पनि वर्षको ५ पटक 'म पाँचै वर्ष सरकार चलाउछु' भन्नू चाहिँ आफूभित्र कन्फिडेन्स नभएको त होला नि ?

- विश्वदीप



सञ्जालमा भेटिएका मान्छे भेटेर पछुताउनु परेको छ भन्छन् मान्छेहरू, तर मलाई अहिलेसम्म परेको छैन निकै कम मान्छेसँग भेटेको छु तर नदेखिकनै रिस उठ्ने, तिनको नामोनिशान हेर्न मन नलाग्ने धेरै छन् ।

– नुर



लिएर खाने र आम मान्छेलाई मिलेर मूर्ख बनाउने सिस्टम रहेछ । विकास निर्माणमा प्रोपोगण्डा । राजनीतिका नाममा सर्कस ।

– विनोद लामिछाने



पुलिसले एक अर्कालाई 'साप' भने जसरी नेपाली सांसदहरू एकले अर्कालाई माननीय भन्दै सम्बोधन किन गर्छन् भनेको त एक आपसमा माननीय भनेंन भने अरूले माननीय भन्न छोडछन् भनेर होला जस्तो छ । अमेरिका तिर सिनेटर फलाना भन्छन् कुरै साफ ।

– सुशील न्यौपाने



